# जनकपुरधाम उप-महानगरपालिका

जनकपरधाम उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- 6४9६

मितिः- २०८२/१२/२३

**विषयः- विद्यार्थी भर्ना तथा शुल्क सम्बन्धमा ।**

श्री सबै संस्थागत विद्यालयहरु

जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौंको मिति २०८२/१२/२२ गतेको प्रेस विज्ञप्तीबाट स्थानीय तहहरुलाई अनुरोध भए बमोजिम केही संस्थागत विद्यालयहरुले शिक्षा नियमावली-२०५९ (संशोधन सहित) को नियम ८४ (४) र नियम ७८ (ग) अन्तर्गतको कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८२/१२/२० गतेको आदेश उल्लङ्घन गरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु पूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेको सप्रमाण तथ्यहरु बाहिरिएकोले

सबै विद्यालयहरुबाट उल्लेखित कानुनी व्यवस्था तथा सर्वोच्च अदालतको आदेश अनुसार नया शैक्षिक सत्र प्रारम्भ भए पछि मात्र विद्यार्थी भर्ना गर्न गराउन तथा यस पालिकाको संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ द्वारा निर्धारित बाहेक अन्य शुल्क सङकलन नगर्ने व्यवस्था मिलाउन तथा कुनै पनि विद्यालयबाट यस्ता गैरकानुनी काम हुन निदई अभिभावकहरुबाट कानुन विपरीत ढंगले असुल गरिएको भर्ना शुल्क रकम सम्बन्धितलाई फिर्ता गर्न गराउन हुन जानकारीको लागि आदेशानुसार अनुरोध छ। तोकिएको समय भित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई प्रचलित कानुन बमोजिम कार्यवाही हुन समेत सचेत गराइन्छ ।

**बोधार्थः**

श्री प्यावसन धनुषा ।

श्री एन प्यावसन धनुषा ।

श्री एम प्यावसन धनुषा ।

**सादर अवगतार्थः**

श्री नगर प्रमुख ज्यू,

श्री नगर उप-प्रमुख ज्यू,

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

....................................

(अन्जु पाण्डेय)

शाखा प्रमुख

शिक्षा युवा तथा खेलकुद विकास शाखा

अधिकृत आठौं